# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७९/८०
च. नं.

## राजनैतिक दलहरुलाई सूचनाको हक कार्यन्वयन गर्न र सार्वजनिक निकायहरुलाई सूचना अधिकारी विवरण राख्न आदेश

राष्ट्रिय सूचना आयोगको २०७९ साल साउन ५ गतेको बैठक नं. २७५(३)३५ बाट राजनैतिक दलहरुलाई देहाय बमोजिम सूचनाको हक कार्यन्वयन गर्न र सार्वजनिक निकायहरुलाई सूचना अधिकारीको विवरण राख्न आदेश गर्ने निर्णय गरेको छ ।

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) को बुँदा ५ मा प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठनलाई सार्वजनिक निकायका रुपमा परिभाषित गरिएको छ । सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनिएको छ भने उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ । दफा ४ मा सार्वजनिक निकायको दायित्व बारेमा उल्लेख गरिएको छ भने दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ भनिएको छ । त्यस्तै दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भनी व्यवस्था भएको छ ।

प्रचलित कानून बमोजिम दर्ता भएका राजनीतिक दलहरूको वेबसाइट अध्ययन गर्दा अधिकांश राजनीतिक दलहरूले सूचनाको हक पालनामा उदासिनता देखाएको पाइन्छ । २०६२ सालको जनआन्दोलन पश्चात बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसदले नागरिकलाई बलियो बनाउन र सार्वजनिक निकायहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन आवश्यक ठानी २०६४ सालमा सूचनाको हकसम्बन्धी कानून निर्माण गरेको हो । यो कानून जारी गर्नमा राजनीतिक दलहरूको सबैभन्दा बढी भूमिका रहेकोमा कुनै सन्देह छैन । यस अर्थमा पनि राजनीतिक दलहरूले यस कानूनको प्रभावकारी कार्यान्वयन गर्दा अन्य सार्वजनिक निकायलाई पनि सुशासन र पारदर्शिताका लागि सूचनाको हकको कार्यान्वयन प्रति जिम्मेवार बनाउन सघाउ पुग्ने विषयमा द्विविधा हुन सक्दैन । समुन्नत र सुशासनयुक्त नेपाल निर्माणका लागि पनि सूचनाको हकसम्बन्धी कानूनको पालनाले महत्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वास आयोगले गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विगतमा यस आयोगले राजनीतिक दलहरूसँग अन्तरक्रिया, प्रशिक्षण, छलफलका माध्यमबाट तथा लिखित आदेश मार्फत पनि सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन गर्न उत्प्रेरित गर्दै आएको हो । देशलाई नेतृत्व दिन, समृद्ध बनाउन,

नागरिकलाई बलियो बनाउन प्रतिबद्ध राजनैतिक दलहरूको सूचनाको हक कार्यान्वयनमा प्रतिबद्धताको अहम् र अग्रणी भूमिका रहन्छ भन्ने पनि आयोगको ठहर रहेको छ ।

तसर्थ, प्रचलित कानून बमोजिम दर्ता भएका सबै राजनीतिक दलहरूलाई विगतमा भएका आदेशहरूको स्मरण गराउँदै देहाय बमोजिम गर्न गराउन लेखी पठाउने निर्णय गरेको छः

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नं. सार्वजनिक गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरल रूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

२ असार २६ गते bizpati.com मा "सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन, सुशासनको खिल्ली" शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ । सो समाचारमा विभिन्न निकायका पदाधिकारीसँग प्रतिक्रिया पनि लिएर राखिएको देखियो ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ । सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरु माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध गराउन पनि भनिएको छ । सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ । स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, देहायका निकायहरूका प्रमुखका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहाय बमोजिम गर्न गराउन आदेश जारी गर्ने । साथै, सबै सार्वजनिक निकायलाई पनि यो व्यवस्था पालना गर्न गराउन संघीय सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिवमार्फत, प्रदेश अन्तर्गतका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को

कार्यालयका प्रमुख सचिवमार्फत र स्थानीय तहका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत कार्यान्वयन गर्न गराउन लेखी पठाउनेः

**क.** <u>**निकायहरू**</u>

१ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
२ शिक्षा मन्त्रालय,
३ कृषि तथा पशुपंक्षी मन्त्रालय,
४ रक्षा मन्त्रालय,
५ यातायात व्यवस्था विभाग,
६ वैदेशिक रोजगार विभाग,
७ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,
८ राहदानी विभाग,
९ कम्पनी रजिष्ट्रारको कार्यालय,
१० सडक विभाग
११ नेपाल विद्युत प्राधिकरण ।

ख. सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेश द्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

कमला ओली थापा
सूचना आयुक्त
काठमाडौं ।

मिति : २०७९ साउन ११ मंगलबार